केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१९/०७३/७४ मिति: २०७३/१२/३०

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७३ को विभिन्न इ.प्रा. निर्देशनहरुमा देहाय बमोजिमका संशोधन/परिमार्जन तथा नयाँ व्यवस्था थप गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. इ.प्रा. निर्देशन नं. १५/०७३ मा मिति २०७३/११/१९ को परिपत्र मार्फत थप गरिएको बुँदा नं. ५क. मा देहाय बमोजिमको स्पटीकरण थप गरिएको छ :

*स्पष्टीकरण: यस प्रयोजनको लागि साधारण वचत खाता भन्नाले वचत खाताहरु मध्ये सबैभन्दा न्यून ब्याजदर प्रस्ताव गरिएको वचत खातालाई सम्झनु पर्दछ।"*

२. इ.प्रा.निर्देशन नं.१६/०७३ को बुँदा नं.१७ लाई देहाय बमोजिम संशोधन गरिएको छ :

बैंक वा वित्तीय संस्थाले प्राकृतिक व्यक्तिको नाममा स्वदेशी मुद्रामा एउटै प्रकृतिको एक भन्दा बढी खाता खोल्न पाइने छैन। यसैगरी एकजना व्यक्तिलाई एउटै प्रकारको एक भन्दा बढी कार्ड (डेबिट/क्रेडिट) जारी गर्न पाईने छैन। यो निर्देशन जारी हुँदाका बखत एउटै बैंक वा वित्तीय संस्थाले एक व्यक्तिको नाममा एकै प्रकृतिको एक भन्दा बढी खाता खोलेको वा एकभन्दा बढी कार्ड जारी गरेको भए यस निर्देशन बमोजिम एकै प्रकृतिको एउटा मात्र खाता र एउटा मात्र कार्ड कायम राख्ने व्यवस्था मिलाउनु पर्नेछ। यो व्यवस्था मुद्धती खाताका हकमा भने लागु हुने छैन।

३. इ.प्रा. निर्देशन नं.२२ को बुँदा नं.९ को खण्ड (ख) लाई देहाय बमोजिम संशोधन गरिएको छ :

**(ख) कर्जा प्रवाह गर्दा लिने प्रशासनिक सेवा शुल्क तथा प्रतिबद्धता शुल्क सम्बन्धमा**

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले देहायका व्यवस्थाहरुको अधिनमा रही कर्जा प्रवाह गर्दा प्रशासनिक सेवा शुल्क तथा प्रतिबद्धता शुल्क लिन सक्नेछन्।

(१) बैंक तथा वित्तीय संस्थाले ग्राहकले कर्जाको लागि निवेदन दिए पश्चात् कर्जा स्वीकृतिको प्रक्रिया आरम्भ गर्दाको वखत प्रशासनिक सेवा शुल्क लिन सक्नेछन्। तर, कर्जा अस्वीकृत भएको अवस्थामा यस्तो शुल्क तत्काल ग्राहकको खातामा फिर्ता गरिदिनु पर्नेछ।

(२) बैंक तथ वित्तीय संस्थाले ग्राहकले आफ्नो कर्जा सीमाबाट उपयोग गरेको चालुपूँजी कर्जा सीमाको बार्षिक औसत रकम कर्जा सम्झौतापत्रमा उल्लेख भएको न्यूनतम औसत उपयोग भन्दा कम भएमा कम हुने रकममा मात्र निश्चित दरले प्रतिवद्धता शुल्क लिन सकिनेछ। तर, प्रतिबद्धता शुल्कको दरका सम्वन्धमा सम्झौतापत्रमा स्पष्ट उल्लेख भएको हुनु पर्नेछ। यस्तो शुल्क अग्रीम रुपमा लिन पाइने छैन। आवधिक कर्जाको हकमा स्वीकृति

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

कर्जा सीमा भन्दा कम उपयोग गरेको अवस्थामा कम उपयोग गरेको रकममा मात्र एकपटकका लागि प्रतिबद्धता शुल्क लिन सकिनेछ ।

(३) कर्जा प्रवाह गर्दा लिने प्रशासनिक सेवा शुल्क र प्रतिवद्धता शुल्क बाहेक कर्जासँग सम्वन्धित सम्पूर्ण शुल्कहरु व्याजदरमा नै प्रतिबिम्वित हुनु पर्नेछ ।

(४) बैंक तथा वित्तीय संस्थाले एकै प्रकारको कर्जा प्रवाह गर्दा विभिन्न ग्राहकसँग लिने प्रशासनिक सेवा शुल्क र प्रतिबद्धता शुल्क ०.२५ प्रतिशत भन्दा बढीले फरक पार्न पाइने छैन ।

भवदीय,

२०७३।१२।३०

(नारायणप्रसाद पौडेल)
कार्यकारी निर्देशक

बोधार्थ :
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(११) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली, काठमाण्डौ ।
(१२) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ ।
(१३) श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौ ।
(१४) श्री कर्जा सुचना केन्द्र, हेरिटेजप्लाजा, काठमाण्डौ ।